आज मिति २०७५/०८/१६ गते यस माण्डवी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक बसी तपशिलका विषयहरु माथि छलफल तथा निर्णय गरियो ।

*प्रस्तावहरु :-*

१. प्रहरी चौकी तिरामको भवन नक्सा पास नि : शुल्क प्रमाणित गर्ने सम्बन्धमा ।

२. माण्डवी गाउँपालिकाको खर्च व्यवस्थापन सम्बन्धि मापदण्ड - २०७५ पारित सम्बन्धमा ।

३. सामाजिक परिचालकको विज्ञापन प्रकाशन गर्ने सम्बन्धमा ।

४. जे.सी.बी. मेशिनको मर्मतका लागि पेश्की निकासा सम्बन्धमा ।

*निर्णयहरु :*

निर्णय नं. १ प्रस्ताव नं.१ माथि छलफल गर्दा माण्डवी गाउँपालिका १ नं. वडा कार्यालयमा भवन निर्माण हुन लागेको हुँदा सो भवनको नक्सा पास नि : शुल्क गर्ने विषयमा छलफल गर्दा माण्डवी गाउँपालिकाका १ नं. वडा कार्यालयमा प्रहरी चौकी भवन निमार्ण सन्दर्भमा तत्कालका लागी यस गाउँपालिकाबाट निर्माण ईजाजत पत्र दिने र यस विषयमा आगामी कार्यपालिकाको बैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं.२ माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकाको खर्च व्यवस्थापन सम्बन्धी मापदण्ड-२०७५ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं.३ माथि छलफल गर्दा यस माण्डवी गाउँपालिका ४ नं. वडा कार्यालय उदयपुरकोटको सामाजिक परिचालक श्री भीम मल्लको राजीनामा स्वीकृत भएकाले सो पदको लागि तत्काल विज्ञापन प्रकाशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ प्रस्ताव नं.४ माथि छलफल गर्दा यस माण्डवी गाउँपालिकाको जे.सी.बी. मर्मतको लागी ठूलो रकम लाग्ने र जिल्ला भन्दा बाहिर गएर मर्मत गर्नुपर्ने भएकाले सो.जे.सी.बी मेशिनका मर्मतको लागि यस गाउँपालिको सब ईन्जीनियर श्री सागर पण्डितको नाममा एकपटकमा रु १,००,०००।- बराबरको पेश्की रकम निकासा गर्ने निर्णय गरियो ।

०७५/०८/१६

नारायण पौडेल
प्रमुख प्रशासकीय अधिकृत